# वन तथा वातावरण मन्त्रालयद्वारा जनहितमा जारी सन्देश







| प्रदेश | डडेलो संख्या |
|---|---|
| प्रदेश-१ | ४४३ |
| प्रदेश-२ | ४२९ |
| बाग्मती | ८६६ |
| गण्डकी | ५४२ |
| लुम्बिनी | १४०२ |
| कर्णाली | ११७५ |
| सुदूरपश्चिम | १३९२ |
| जम्मा | ६२४९ |

वि.स.२०७७ पौष १ देखि वि.स.२०७८ बैशाख ८ गते सम्मको वन डडेलोको अवस्था देखाइएको नक्सा

*श्रोत : वन डढेलो पहिचान तथा अनुगमन प्रणाली*
*NASA,ICIMOD,DoFSC*

**चित्र: नेपालमा २०७७ साल पौष ०१ देखि २०७८ साल बैशाख ०८ सम्म वन डढेलोको अवस्था**

- कुनै पनि पदार्थसँग हावामा रहेको अक्सिजनको द्रुत गतिमा हुने संयोगबाट निस्किने ताप, प्रकाश र ज्वालालाई आगो (Fire) भनिन्छ । वन जंगल, भिरपाखा तथा खरबारीमा हुने अनियन्त्रित आगलागीलाई वन डढेलो भनिन्छ । वन डढेलो प्राय: चैत्रदखि जेष्ठसम्म कहिलेकाही असारसम्म लाग्ने गर्दछ ।
- प्रज्वलनशिल वस्तु, अक्सिजन र तापको स्रोत आगो बाल्नका लागि चाहिन्छ । तीन श्रोत मध्ये कुनै पनि एकको अनुपस्थितिमा वनमा आगो लाग्न सक्दैन ।
- वन डढेलो प्राकृतिक र मानवजन्य क्रियाकलापबाट लाग्ने गर्दछ । तर नेपालमा स्वार्थपूर्तिका लागि ६४ प्रतिशत र अन्जान वा हेलचेक्र्याँइबाट ३२ प्रतिशत आगो लाग्ने गर्दछ । त्यसैले निहित स्वार्थका लागि वन डढेलो लगाउने कार्य आजैबाट बन्द गरौं ।
- वन डडेलोले सयौं वर्ष लगाएर हुर्के बढेका दुर्लभ वनस्पति, बन्यजन्तु र जैविक विविधताको निमेषभरमै नाश गर्ने, जंगलमा रहेका खानेपानीका पाइपहरु जली नष्ट पार्ने, कहिलेकाही वस्तीमा आगो सर्न गई ठूलो परिमाणको जनधनको क्षेती हुने, माटोको गुणमा परिवर्तन ल्याउने, वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा बढ्न गई स्वासप्रश्वास प्रणालीमा असर पार्ने र जलवायु परिवर्तनमा समेत प्रत्यक्ष असर पार्ने हुँदा वन डढेलो समाजकै कलंकको रुपमा रहेको जघन्य अपराध हो । डढेलो लगाउने व्यक्तिलाई सामाजिक बहिस्कार गरौं ।
- हिन्दुहरुको धर्म ग्रन्थ गरुड पुराणमा उल्लेख भए अनुसार वन जंगलमा आगो लगाउन मानिस पापी हो र उक्त पाप गर्ने मानिसले नरकमा बास बस्नपर्छ भनेर भनिएको छ । त्यस्तै मुलुकी ऐन २०२० मा आगो लगाउनेको महलमा यसलाई फौजदारी अभियोगको रुपमा लिइएको छ । वन ऐन २०७६ मा भएको व्यवस्था बमोजिम जंगलमा आगो लगाउने व्यक्तिलाई वन जंगल क्षति वाफतको रकम असुल उपर गरी ३ वर्ष सम्म कैद र रु ६०,०००/- जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ ।
- त्यसैले वन जंगलमा आगो लगाउने व्यक्तिको सुराक दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई उचित पुरस्कारको समेत व्यवस्था गरिएको हुँदा आगो लगाउने व्यक्तिको सूचना सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालयमा दिऔं । साथै त्यस्ता व्यक्तिलाई समूहको विधान तथा वन ऐन बमोजिम कारबाही गर्ने गरौं ।
- यदि वन जंगलमा आगो लागि हालेमा तुरुन्तै आम उपभोक्ता तथा सम्पूर्ण स्थानीयहरु मिली नियन्त्रण गर्ने गरौं र प्रकृतिका अनमोल सम्पदाको रक्षा गर्ने गरौं ।

---

**वन तथा भू-संरक्षण बिभाग,**
बबरमहल, काठमाडौँ